म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ११७ २०८० चैत ४ गते आइतबार 17 March 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढैंलो निभाऔं । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### मानार्थ पदमा नगरप्रमुखको सक्रिय भूमिका

# स्काउटका निर्वाचित आयुक्तले सपथ लिन पाएनन्

"स्काउटको निर्वाचनमा आफूहरु सहभागी हुन नपाएको भनी निवेदन दर्ता गराएपछि छलफलका लागि दुवै पक्षलाई बोलाएको छु",

**मीनाकुमारी लामा**
**नगरप्रमुख, हेटौंडा उपमहानगरपालिका**



"नगरप्रमुखले स्काउटको ड्रेस नै त्यागी दिन्छु भन्दै अभद्र व्यवहार गर्नुभयो । हामीलाई बोल्नै दिनुभएन । स्काउटको नियमावली मान्दिन भन्नुभयो । हामी निर्वाचित समितिलाई गैरकानुनी भनिदिनुभयो ।"

**अनिल आचार्य**
**नवनिर्वाचित नगरआयुक्त**
**नेपाल स्काउट**



"नगरप्रमुख र उपप्रमुखलाई सपथ गराइदिन भनी पत्र दर्ता गराएको सात दिनभित्र सपथ नगराए पालिकाको आयुक्तलाई प्रदेश आयुक्तले सपथ गराउन सक्ने व्यवस्था छ ।"

**शिवकुमार त्वयना**
**बागमती प्रदेश आयुक्त**
**नेपाल स्काउट**

समाज संवाददाता

हेटौंडाः नेपाल स्काउटले दिएको मानार्थ पदमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले सक्रिय भूमिका निर्वाह गरिरहनुभएको छ । नगरप्रमुखको अस्वभाविक सक्रियताले स्काउटको निर्वाचित नगर आयुक्तले सपथ ग्रहण गर्न पाएका छैनन् । यद्यपि नगरप्रमुखको अवरोधले निर्वाचित आयुक्तलाई सपथ लिने वैकल्पिक बाटो रहन्छ । तर, नगरप्रमुखले मानार्थ पदमा रहेर सक्रिय भूमिका निर्वाह गरिरहँदा नगरप्रमुखप्रति स्काउटका अधिकारीले आश्चर्यमा छन् । नगरप्रमुख लामाले सपथ नगराउनुभएपछि फागुन २१ गते नगर आयुक्त नियुक्तिको विषय नेपाल स्काउटले सार्वजनिक गरेको छ ।

युवा विद्यार्थीको व्यक्तित्व, नेतृत्व विकास तथा जिवनोपयोगी सीप सिकाईका लागि स्थापित स्काउटमा पालिका, प्रदेश र संघीय सरकारका प्रमुखहरुलाई मानार्थ संरक्षक र अध्यक्षको पद दिइएको छ । अभिभावककोरुपमा स्वीकार गरेर स्काउटले नगरप्रमुखलाई संरक्षक र उपप्रमुखलाई अध्यक्षको पद दिएको छ । मानार्थ संरक्षकको पदमा रहनुभएकी हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले नेपाल स्काउटको हेटौंडा उपमहानगर आयुक्तलाई सपथ नै गराइरहनुभएको छैन ।

गत माघ २२ गते सम्पन्न हेटौंडा उपमहानगर समितिको निर्वाचनबाट निर्वाचित १२ सदस्यीय नगर परिषद्ले अनिल आचार्यलाई आयुक्त चयन गरेको थियो । हेटौंडा उपमहानगरको आयुक्त चयन भएका अनिललाई सपथ गराउन भनी स्काउटले फागुन ३ गते उपमहानगर पालिकामा निवदेन दर्ता गराइएका थियो । निर्वाचित आयुक्तलाई सपथ गराउनुको विपरित नगरप्रमुख लामाले निर्वाचन वैधानिक नभएको, प्रतिनिधि हुन नपाएको भनी एक समूहले निवेदन दिएको उल्लेख गर्नुहुँदै दुवै पक्षलाई राखेर वार्ता गराउने प्रयास भइरहेको बताउनुभएको छ ।

नेपाल स्काउटको बागमती प्रदेशका आयुक्त शिवकुमार त्वयनाले भने कुनै किसिमको विवाद नरहेको र निर्वाचित आयुक्तलाई सपथ नगराउनु आश्चर्यको विषय भएको बताउनुभयो । नेपाल स्काउटले नगरप्रमुखलाई संरक्षक र उपप्रमुखलाई अध्यक्षको रुपमा मानार्थ पद दिएको बताउनुहुँदै प्रदेश आयुक्त त्वयनाले भन्नुभयो, "नगरप्रमुख र उपप्रमुखलाई सपथ गराइदिन भनी पत्र दर्ता गराएको सात दिनभित्र सपथ नगराए पालिकाको आयुक्तलाई प्रदेश आयुक्तले सपथ गराउन सक्ने व्यवस्था छ ।"

यता नगरप्रमुख लामाले स्काउटको एउटा पक्षले आफूहरु सहभागी हुन नपाएको भन्दै निवेदन दिएपछि वार्तामा बोलाइएको जानकारी दिनु भएको छ । "स्काउटको निर्वाचनमा आफूहरु सहभागी हुन नपाएको भनी निवेदन दर्ता गराएपछि छलफलका लागि दुवै पक्षलाई बोलाएको छु", नगरप्रमुख लामाले भन्नुभयो, "शिक्षा अधिकृतलाई जिम्मा दिएको छु । छिट्टै विवाद समाधान हुन्छ । सपथ गराउँछु ।"

निर्वाचनबाट नगर परिषद् गठन भएपछि नगरपरिषद्को निर्णय लिएर सपथका लागि निवेदन लिएर नगरप्रमुखको कार्यकक्षमा पुग्दा अभद्र व्यवहार समेत व्यहोर्नु परेको नवनिर्वाचित नगर आयुक्त अनिल आचार्यले बताउनुभयो । "हिजोका दिनमा पनि स्काउटको पोशाकमा सजिएर स्काउटलाई बुझ्नुभएकी नगरप्रमुखले स्काउटको ड्रेस नै त्यागी दिन्छु भन्दै अभद्र व्यवहार गर्नुभयो । हामीलाई बोल्नै दिनुभएन । स्काउटको नियमावली मान्दिन भन्नुभयो । हामी निर्वाचित समितिलाई गैरकानुनी भनिदिनुभयो", नवनिर्वाचित नगरआयुक्त आचार्यले भन्नुभयो ।

गत माघ २२ गते भएको निर्वाचनले अनिल आचार्यसँगै निशा गौतम, सुमित्रा लामा, विमल खत्री, डेमिज थापा मगर, शारदा मैनाली, शर्मिला ढकाल, लक्ष्मी थापा, जोन पहाडी, इश्वर लामिछाने, किशोर श्रेष्ठ र सफिरा मिजारलाई सदस्य निर्वाचित गरेको थियो । १२ सदस्यीय नगरपरिषद्ले सर्वसम्मत अनिललाई नगर आयुक्त चयन गरेको नेपाल स्काउटका राष्ट्रिय परिषद् सदस्य अशोक सारु मगरले जानकारी दिनुभयो । नेपाल स्काउटले हेटौंडा उपमहानगरका १३ वटा सामुदायिक विद्यालय, ५ वटा निजी विद्यालय र २ वटा संस्थागत शाखा स्थापना गरेको छ ।

# कक्षा-८ को परीक्षा आजबाट

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले कक्षा ८ को वार्षिक परीक्षा आज आइतबारबाट सञ्चालन गर्दैछ । माघ २५ गते हेटौंडा उपमहानगरपालिकाले परीक्षाको तालिका प्रकाशन गरेको थियो । दिनको १ बजेबाट सञ्चालन हुने परीक्षा चैत १० गतेसम्म सञ्चालन हुनेछ । हेटौंडा उपमहानगरपालिकाका ८१ वटा विद्यालयका चार हजार तीन सय एक जना विद्यार्थीले परीक्षा फारम भरेका छन् । कक्षा-८ को वार्षिक परीक्षामा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविबाट सबैभन्दा बढी तीन सय २९ जना विद्यार्थीले फारम भरेका छन् ।

कक्षा-८ को परीक्षा तालिका र सञ्चालन विधिका विषयमा विद्यालयका प्रधानाध्यापकहरुसँगको बैठकमा दुईवटा महत्वपूर्ण पक्षमा छलफल भएको थियो । एउटा समूहले फरक विद्यालयमा परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गर्ने र परीक्षा चैत दोस्रो सातादेखि सञ्चालन गर्ने प्रस्ताव गरेका थिए । तर, अर्को समूहले परीक्षा सञ्चालन चैत पहिलो साताबाटै सुरु गर्नुपर्ने, आफ्नै विद्यालयमा परीक्षा दिने व्यवस्था हुनुपर्ने माग राखेका थिए ।

हेटौंडाका सामुदायिक विद्यालयमा वार्षिक परीक्षा चैतको पहिलो सातामै सुरु भएको छ भने निजी विद्यालयले चैत १६ गतेबाट सञ्चालन गर्दैछ । यस वर्षको एसईई चैत १५ गतेबाट सुरु हुँदैछ ।

# वन डढेलो सचेतना सप्ताह सुरु

समाज संवाददाता

हेटौंडाः डिभिजन वन कार्यालय मकवानपुरले वन डढेलो सप्ताह सुरु गरेको छ । वन डढेलो सप्ताह कार्यक्रम अन्तर्गत फागुन महिनामा डिभिजन वन कार्यालयको कार्यक्षेत्रका ३ देखि ५ वटा सामुदायिक वन सम्मिलित ४० (चालिस) वटा वन डढेलो नियन्त्रण सञ्जाल गठन गरिएको छ । गठन भएको वन डढेलो नियन्त्रण सञ्जालले सामुदायिक वनहरुको समन्वयमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको कार्य गर्नेछ ।

वन डढेलो नियन्त्रणका लागि हरित स्वयम्सेवक परिचालनको कार्य समेत गरि रहेको छ । डिभिजन वन कार्यालय मकवानपुर र मातहतका सब डिभिजन वन कार्यालय मार्फत वन डढेलो सचेतना सम्बन्धी स्कुल कार्यक्रम, र्‍याली, माईकिङ, रेडियो तथा पत्रपत्रिका मार्फत सचेतना सामग्री प्रकाशन तथा प्रसारण गरिरहेको छ ।

वन डढेलो जोखिम नियन्त्रणका लागि विभिन्न वन क्षेत्रहरुमा अग्नि रेखा निर्माण तथा मर्मत गर्ने, वन क्षेत्रमा झाडी सफाई लगायतका कार्यहरु मार्फत ज्वलनशील पदार्थहरु हटाउने कार्य समेत जारी रहेको डिभिजन वन कार्यालय हेटौंडाले जनाएको छ । डिभिजन वन कार्यालयको प्राविधिक सहयोग र समन्वयमा ८ वटै सब-डिभिजन वन कार्यालयको मातहतका सामुदायिक वनहरुमा प्रतिकात्मक डढेलो तथा नियन्त्रित वन डढेलो मार्फत वन डढेलो जोखिम कम गर्ने कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

**हार्दिक बधाई**



नेपाल प्रगतिशील प्राध्यापक संगठन मकवानपुर बहुमुखी इकाई कमिटीका पूर्वअध्यक्ष **घनश्याम घिमिरे**को अध्यक्षतामा पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाई समिति सर्वसम्मत निर्वाचित भएकोमा घिमिरे नेतृत्वको नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**शेखर थपलिया, अध्यक्ष**
**एवम् नेपाल प्रगतिशील प्राध्यापक संगठन**
**मकवानपुर बहुमुखी क्याम्पस इकाई परिवार**
**हेटौंडा, मकवानपुर**

# राप्रपा मकवानपुरको आन्दोलन परिचालन समिति गठन

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मकवानपुरमा जनआन्दोलन परिचालन समिति गठन गरेको छ । शनिबार राप्रपा मकवानपुरको कार्यवाहक अध्यक्ष सागर थापाको अध्यक्षतामा ५११ सदस्यीय आन्दोलन परिचालन समिति गठन भएको हो ।

केन्द्रीय निर्देशनअनुसार आन्दोलन परिचालन समिति गठन भएको थापाले जानकारी दिनुभयो । राप्रपाले स्थानीय तहदेखि केन्द्र तहसम्म नै आन्दोलनको घोषणा गरेको छ । राप्रपाले बिग्रँदो अर्थतन्त्र, बेरोजगारी, आर्थिक मन्दी, युवा शक्तिको विदेश पलायन, भष्ट्राचारलगायतका जनजीविकाका मुद्दा उठाएर आन्दोलन गर्न लागेको हो । त्यस्तै, राजसंस्था, सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दू राष्ट्र पुनः स्थापना र प्रदेश तहको खारेजीका लागि दबाब सिर्जना गर्न आन्दोलन गर्ने निर्णय गरेको हो ।

राप्रपाले चैत १६ गतेदेखि केन्द्रमा जनआन्दोलन गर्ने घोषणा गरेको थियो । तर राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षाको तालिका सार्वजनिक गरेपश्चात् आन्दोलनको मिति सारेर चैत २७ गते पुऱ्याएको हो । मकवानपुरका १०२ वटा वडामा संयोजक नै तोकेर आन्दोलन परिचालन समिति गठन भएको छ ।

वडाको समितिले ६ गतेदेखि आन्दोलन सुरु गर्नेछ । हरेक वडामा आन्दोलन गरिने थापाले जानकारी दिनुभयो । राप्रपा मकवानपुरले स्थानीय तहहरुमा आमसभा गरी चैत २२ गते हेटौंडामा अन्तिम जिल्लास्तरको आन्दोलन गर्ने जनाएको छ । आन्दोलनमा राप्रपाका केन्द्रीय सदस्यहरु रामहरि न्यौपाने, नवराज विष्ट, रामबहादुर थोकर र पार्टीका प्रदेश सचिव गुञ्जनबहादुर न्यौपानेले सहभागिता जनाउनेछन् ।

# सम्पादकीय

## परीक्षार्थीलाई शुभकामना

चैत महिना सुरु भएसँगै विद्यालय तहको विभिन्न कक्षाको वार्षिक परीक्षा सुरु भएको छ । मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकामा रहेका अधिकांश सामुदायिक विद्यालयमा शुक्रबारबाट परीक्षा सुरु भएको हो । आगामी चैत १५ गतेदेखि एसईई परीक्षा रहेको र त्यसअघि होली पर्व परेका कारण विद्यालयहरुले चैत २ गतेदेखि नै परीक्षा सुरु गरेका हुन् । नगर स्तरीय शैक्षिक समन्वय समिति हेटौंडामा आवद्ध विद्यालयहरुमा परीक्षा सुरु भएको हो । हेटौंडा उपमहानगरभित्रका ७३ सामुदायिक विद्यालयमध्ये नगर स्तरीय शैक्षिक समन्वय समितिको तालिकाअनुसार ५८ वटा विद्यालयमा परीक्षा सुरु भएको छ । विद्यालयहरुले कक्षा ५ सम्मको परीक्षा विहान १०:३० बजेदेखि र कक्षा ६, ७ र ९ को परीक्षा दिउँसो १:०० बजेदेखि सञ्चालन गरेका छन् । यी कक्षाहरुको परीक्षा चैत ९ गते सकिनेछ । हेटौंडा उपमहानगर पालिकाले कक्षा ८ को परीक्षा आज चैत ४ गतेबाट सञ्चालन गर्दैछ ।

चैत र बैशाख विद्यालय तहको सबैजसो कक्षाहरुको वार्षिक परीक्षाको महिना हो । केही हिमाली जिल्लाबाहेक देशका सबै क्षेत्रका विद्यालयको कक्षा १२ सम्मको वार्षिक परीक्षा यही समयमा हुने गर्दछ । आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सम्बन्धित स्थानीय तहले सञ्चालन गर्ने गर्दछन् भने कक्षा १० को एसईई र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्दछ । अन्य कक्षाको परीक्षा भने सम्बन्धित विद्यालयहरुले नै लिने गर्दछन् । नेपालमा विद्यार्थी मूल्यांकनको एकमात्र विधिको रुपमा परीक्षालाई लिइन्छ । विद्यार्थीको निर्माणात्मक मूल्यांकनका लागि एकाइ, मासिक, त्रैमासिक, अर्धवार्षिक आदि आवधिक परीक्षा सञ्चालन गरिन्छ भने निर्णयात्मक परीक्षाको रुपमा वार्षिक परीक्षा सञ्चालन गर्ने गरिन्छ । वार्षिक परीक्षाको रुपमा सबै कक्षामा सैद्धान्तिक परीक्षा लिइन्छ, जसमा विद्यार्थीले निश्चित समयभित्र सोधिएका प्रश्नहरुको उत्तर लेखेर न्यूनतम उत्तीर्ण अंक हासिल गरेपछि माथिल्लो कक्षामा पुग्नेछन् । शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षाबाटै विद्यार्थीको पास/फेल निर्धारण हुने भएकाले यो परीक्षा अन्य आवधिक परीक्षाभन्दा विशेष महत्वको हुने गर्दछ ।


विद्यार्थीका लागि सबै किसिमको परीक्षाको कुनै न कुनै महत्व हुन्छ र हुनुपर्छ । यसकारण विद्यार्थीले आफ्नो नियमिति पठनपाठनसँगै परीक्षाको लागि तयारी पनि गर्दै जानु उचित हुनेछ । वर्षैभरि एकनाशसँग अध्ययन कार्य गर्ने विद्यार्थीको तुलनामा परीक्षाको कार्यक्रम सार्वजनिक भएपछि पढाइको चिन्ता गर्ने विद्यार्थीले परीक्षामा राम्रो नतिजा ल्याउने सम्भावना कम हुन्छ । हुन त अधिकांश विद्यालय एवम् अभिभावकले पनि वार्षिक परीक्षा नजिकिँदै गएपछि विद्यार्थीलाई परीक्षाको तयारीमा बढी जोड दिएर अतिरिक्त कक्षाको व्यवस्थापन गर्ने गरेका छन् । वार्षिक परीक्षाअगाडि विद्यार्थीलाई कठिन लाग्ने विषयहरुको विशेष तयारीका लागि ट्युशन/कोचिङ कक्षाको व्यवस्थापन गरिन्छन् । यसले परीक्षा नजिकिएपछि विद्यार्थीमा पनि एक किसिमको मनोवैज्ञानिक डर पैदा गर्छ र विद्यार्थी परीक्षाप्रति बढी गम्भीर बन्ने गर्दछन् ।

अन्य समयमा लिइने निर्माणात्मक परीक्षाभन्दा शैक्षिक सत्रको अन्त्यमा लिइने निर्णयात्मक परीक्षाको महत्व बढी हुन्छ, किनकि यो परीक्षा दिएर उत्तीर्ण भएपछि मात्र विद्यार्थी माथिल्लो कक्षामा पढ्न पाउँछन् । यसले वार्षिक परीक्षाको समयमा विद्यार्थी पठनपाठनको बारेमा बढी चिन्तित हुने गर्दछन् । विद्यार्थीको सिकाईको अवस्था मापन गर्न परीक्षा लिने भएकाले प्रत्येक विद्यार्थीले परीक्षालाई एउटा स्वभाविक र नियमित प्रक्रियाको रुपमा लिनु आवश्यक हुन्छ । परीक्षा भन्नेवित्तिकै आत्तिने गर्नुहुँदैन । परीक्षाको बारेमा अनावश्यक डर, त्रास पनि लिनु हुँदैन । परीक्षालाई सामान्य प्रक्रिया ठान्दै आफूले पढेका विषयवस्तुको सृजनात्मक तरिकाले उत्तर दिएर आफ्नो सिकाइको स्तर प्रदर्शन गर्न विद्यार्थी तयार हुनुपर्छ । विद्यालय तहको विभिन्न कक्षाको वार्षिक परीक्षामा सहभागी भएका र परीक्षाको तयारी गरिरहेका परीक्षार्थीलाई राम्रो नतिजाका लागि शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यात्रा योग र यसबाट लाभ प्राप्त हुने समय छ ।
**वृष** : अध्ययन अध्यापनका काममा सरिक भइनेछ ।
**मिथुन** : दान-पुण्यका क्षेत्रमा खर्च बढ्ने समय योग छ ।
**कर्कट** : महत्वपूर्ण काम सिद्धि हुने समय योग रहेको छ ।
**सिंह** : परीक्षा प्रतियोगितामा सरिक भइने समय छ ।
**कन्या** : पद प्रतिष्ठामा वृद्धि हुने समय योग छ ।
**तुला** : संकट र जोखिम हल गर्न सकिने समय छ ।
**वृश्चिक** : आकस्मिक घुमघाम हुने समय योग छ ।
**धनु** : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ ।
**मकर** : ज्ञान र प्रज्ञा बढाउने समय योग छ ।
**कुम्भ** : आवेगलाई नियन्त्रण गरेर अगाडि बढ्दा राम्रो ।
**मीन** : नियमित काम-धन्दामा असर पर्ने समय छ ।

# व्यवस्था खराब कि नेतृत्व ?



**बिशभ अधिकारी**

लामो बलिदानिपूर्ण संघर्षपछि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भयो । प्रगतिका बाधक भनिने राजतन्त्रको अन्त्य गरियो । अब सयौं बर्षको दासत्वबाट मुक्ति पाईन्छ भनेजस्तो गरी राजनितिक दलहरुले गणतन्त्र आएपछि सबै उत्पिडन, गरिबी, पछौटेपन छुमन्तर हुने दावी गरे । देशले अब शान्ति, विकास, समृद्धिको आकास चुम्छ भनियो । आज लामो राजनीतिक अभ्यासपछि हामी कहाँ जान हिँडेका थियौं, आज कहाँ पुग्यौ ? गलत मार्गचित्र अबलम्वन गरेका कारण निरन्तरको यो अस्थिरता र अराजकताको चक्रमा मुलुक फस्यो ।

बैदेशिक प्रभुत्व र राष्ट्रिय स्वाधिनताबीचको अन्तरबिरोध र लडाई यथावत छ । अझ यो चुनौतिपूर्ण देखिएको छ । पछिल्लो कालखण्डमा चुनाव अघि नै गठबन्धन गरेर दलहरुले जनतालाई विकल्प रोज्ने अधिकारबाट समेत बन्चित गरे । दलहरुको यहि सिण्डिकेटले हरेक क्षेत्र अस्तव्यस्त भयो । भ्रष्टाचार व्यापक भयो । तिनलाई कारवाही गर्न सबै असमर्थ भए । हरेक ठुला-ठुला भ्रष्टाचारका काण्डमा शीर्षनेता भनाउँदाहरुकै संलग्नता देखिने दुर्भाग्यपूर्ण चित्र अनुसन्धानकै क्रममा देखिएको छ । हुनत व्यवस्था खराब भएर सबै गलत भएका होईन, व्यवस्था आफैँमा राम्रो नराम्रो हुँदैन । यहाँ देखिएका पात्र, प्रवृति र नेतृत्व खराब भएको कारणले व्यवस्थाप्रति नै नकारात्मक धारणा बढ्न थाल्यो ।

नेतृत्वको कार्यक्षमता, कुशलता र लोकप्रियताले मुलुकलाई सफलताको मार्गमा लैजाने हो । अमेरिकामा राष्ट्रपतिसँगै प्रधान न्यायाधीश परिवर्तन हुन्छन् । राष्ट्रपतिले नै प्रधानन्यायधीश नियुक्ति गर्छन् । तर त्यसो भन्दैमा प्रधानन्यायधीशको झुकाव कहिल्यै त्यो राष्ट्रपतिप्रति हुँदैन, बिधि र व्यवस्थाप्रति हुन्छ । हामीले गणतन्त्र त ल्यायौं तर थिति बसाल्न सकेनौं । हाम्रा सबै संवैधानिक अंगलाई राजनीतिकरण गरियो । कारवाही गर्ने निकायहरु शक्ति र पहुँचवाला सामुन्ने निरह देखिए ।

गणतन्त्र आयो यिसँगै विकृति पनि आयो भन्ने पनि होईन । गणतन्त्रले समृद्ध हुने वा राजतन्त्रले विकास नगर्ने भन्ने पनि होईन । उदाहरणका लागि साउथ सुडान, मोजाम्बिक, सियरालिओन, अफगानिस्तान, नाइजर, कंगोलगायतका धेरै राष्ट्रहरू गणतन्त्रवादी मुलुक हुन् तर त्यहाँ शान्ति, स्थायित्व र विकास छैन । एसियामा जापान, थाइल्यान्ड, मलेसिया, युएई, कतार, कुवेतमा राजसंस्था छ र उनिहरु समृद्धिको शिखरमा छन् । युरोपमा डेनमार्क, नर्वे, स्विडेन, ब्रिटेन, स्पेन, हल्यान्ड, बेल्जियम, लक्जेमवर्ग विकसित राष्ट्रहरु हुन् तर त्यहाँ गणतन्त्र छैन । वास्तवमा गणतन्त्र खोक्रो नारामा होइन, जनताले अनुभूत गर्ने जिवनपद्दतिमा अनुवाद हुनु पर्थ्यो तर विशाल भनिएको परिवर्तन केही सीमित पारिवारिक स्वार्थले गर्दा अर्थहिन सावित हुँदैछ ।

लामो समय वंशवादको बिरोध गरेका दलका नेताहरु आफैं वंशवादलाई प्रोत्साहित गर्दैछन् । नेपाली राजनीतिमा यत्रो आन्दोलन र संघर्षबाट आएको व्यक्तिले आफ्नो परिवारको सदस्यलाई मात्र क्षमतावान देख्नु आफैंमा हास्यास्पद छ । कुनै समय जनताले आशाको दृष्टिकोणले हेरेका नेता अहिले बिस्तारै स्खलित हुँदैछन् । पारिवारिक मोहले यिन्ले आफ्नै साख घटाएका छन् । हिजो राजाको बिरोध गर्नेहरु कुनै न कुनैरुपको आफैं राजा जस्ता भए । यिनका छोराछोरी नवयुवराज जस्ता भए । हिजो संघर्ष गरेका नेताका छोराहरु सुन तस्करहरुसँग जोडिएका छन् । भ्रष्टाचारको आरोप खेपिरहेका छन् । राजसि ठाँटमा देखिने राष्ट्रिय भाउजुहरु तत्कालिन महारानी ऐश्वर्य भन्दा कम छैनन् ।

थोमस कार्लाइलले "द ग्रेट म्यान थियरी" मा भनेका छन् नेतृत्व जन्मिँदैनन् समय र परिस्थितिले बनाउँछ । त्यसैले नेतृत्व पैदा हुने होइनन् क्षमताले स्थापित हुने हो । क्रान्तिले, आन्दोलनले नेता जन्माउँछ । कोही नेताकै परिवारमा पनि क्षमता भएका योग्य हुन सक्छन् तर नेताकै परिवारमा भएपछि योग्य हुन्छन् नै भन्ने भाष्य अहिले निमार्ण गर्न खोजिँदै छ । सिंगापुर बनाउने लि क्वान युले प्रधानमन्त्री भएपछि आफ्नै छोरा लि सियन लुङ प्रधानमन्त्रीको मन्त्रिपरिषद्मा सदस्य भएर काम गरे । वंशवादलाई सकारात्मक मार्गमा लगेर पनि सेफ ल्याण्डिङ गर्ने सकिन्छ भन्ने कुराको उदाहरण हो यो ।

राजाको छोरा राजा हुने व्यवस्थाको त बिरोध गरियो तर त्यसको परिमाण यहि हो त ? कम्तिमा हिजो राजा हुँदा मुलुकको राष्ट्रियता, सार्वभौम सत्ता र स्वाधीनताको विषयमा कसैले प्रश्न उठाउने ठाउँ थिएन । नेपालीको निर्णय नेपालमै गरिन्थ्यो तर आज हामी कहाँ पुग्यौ ? विदेसिको प्रभाव र हस्तक्षेप प्रचुर मात्रामा बढेर गयो । हरेक सरकार निर्माण र विघटनमा विदेशी शक्तिको हात रहेको छ । केहि भारतीय सञ्चार जगतमा "र" का मानिसको अन्तरवार्ता नेपालको स्वतन्त्रता र सार्वभौमिकता बिरुद्ध छ । अझ कांग्रेस संगठबन्धन भत्कनुको पछाडि अर्को कोणबाट पनि विश्लेषण गरिन्छ ।

चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) को विषयमा विवाद हुँदा गठबन्धन भत्किएको पनि चर्चा केही विश्लेषकहरु गर्छन् । बीआरआइलाई ऋणकारुपमा नभई अनुदानकारुपमा मात्र लिने कुरामा कांग्रेसले अडान लिएपछि प्रधानमन्त्री प्रचण्डले गठबन्धन परिवर्तन गरेको हुन सक्ने धेरैको आकलन छ । तर, कमरेड प्रचण्डको परिवारिक मोह हेर्दा काँग्रेस भित्रैबाट सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने दबाब सिर्जना भएपछि कतै आफ्ना भाइलाई स्थापित गर्न त यो गठबन्धन फेरिएको होईन ? आशंका छ ।

यस पृष्ठभूमिमा एकातिर मुलुकमा गहिरो संकट छ भने अर्कोतर्फ अहिले आर्थिक मन्दिले बिहान बेलुकीको छाक टार्न हम्मेहम्मे छ तर हाम्रा नेताहरु भने सत्ताको फोहरी आहालमा डुबेका छन् । जवाफदेहिता कतै देखिँदैन । जनतामा निराशा र आक्रोश छ । यो विष्फोटन कतिबेला हुन्छ भन्न सकिन्न तर हुन्छ कुन रुपमा हुन्छ प्रतिक्षा गरौं ।

# जीवनउपयोगी शिक्षाको आवश्यकता

**दुनबहादुर बुढाथोकी**

शिक्षा र गुणस्तरीय शिक्षा पृथक् कुरा हो । गुणस्तरीय शिक्षाले विद्यार्थीको भविष्य मात्र सुन्दर, सुरक्षित, समृद्ध र मूल्यवान् तुल्याउँदैन, बल्कि सिंगो राज्यको भविष्य सुन्दर, सबल एवं समृद्ध बनाउँछ । अर्को शब्दमा भन्नुपर्दा जुन मुलुकको शैक्षिक स्तर अब्बल वा गुणवत्तापूर्ण हुन्छ, उक्त मुलुकले शीघ्र तरक्की गर्छ । यसकारण कि, गुणस्तरीय शिक्षाले मानिसलाई तर्कवान्, सिर्जनशील, जिज्ञासु, ऊर्जावान्, खोजमूलक र आत्मविश्वासी बनाउँछ ।

अब्बल शिक्षाले कार्य गर्ने तौरतरिका, सीप, खुबी, जिज्ञासामा बढोत्तरी प्रदान गर्छ । सीपयुक्त, दक्ष, तर्कवान्, खोजमूलक जनशक्तिको काँध पाउँदा मुलुक स्वतः समृद्धितर्फ लम्कन्छ । जसरी गुणस्तरीय शिक्षाले एउटा मानिसलाई अर्को मानिसभन्दा पृथक् बनाउँछ, त्यसैगरी गुणस्तरीय शिक्षा प्राप्तिद्वारा त्यहाँका नागरिकले आफ्नो मुलुकलाई अन्य देशभन्दा भिन्न उचाइमा उभ्याउन सक्छन् ।

अमेरिका, चीन, जर्मनी, क्यानडा, जापान, बेलायत, न्युजिल्यान्ड, अस्ट्रेलिया, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, साउदी अरबजस्ता विकसित मुलुकहरुको तुलनामा सोमालिया, दक्षिण सुडान, तान्जानिया, युगान्डा, नेपाल, अफगानिस्थान तथा चाँदजस्ता अविकसित मुलुकको कुल राष्ट्रिय आयमा ठूलो असमानता हुनुमा शैक्षिक गुणस्तरकै हात रहेको छ । यसकारण कि, शैक्षिक गुणस्तरमा अब्बल साबित भएका हार्डवर्ड, क्याम्ब्रिज, स्ट्यानफोर्ड, अक्सफोर्डलगायतका ९८ प्रतिशत विश्वविद्यालय विकसित मुलुकको स्वामित्वमा रहेका छन् र ती विश्वविद्यालयले उक्त मुलुकमा उत्पादन हुने वस्तु तथा सेवाको पेटेन्टराइट, कपिराइट वा ट्रेडमार्क निर्माणमा योगदान पुर्याइरहेका छन् ।



त्यस्तै गुणस्तरकै कारण एप्पल, माइक्रोसफ्ट, एमेजोन, टेस्ला, अलिबाबा, गुगल, सामसुङ, फेसबुकजस्ता टेक्नो कम्पनीहरूको नेटवर्थ मल्टिबिलयन डलर पुगेको हो । टोयोटा, नेस्ले, जोनसन एन्ड जोनसन, युनिलिभर, कोकाकोलाजस्ता कमोडिटी कम्पनीको नेटवर्थलाई टेक्नो कम्पनीहरुले पछाडि पार्नुको मूल कारण नवप्रवर्तन (इनोभेसन) हो । यसको अर्थ अहिले गुणस्तर (क्वालिटी) भन्दा नवप्रवर्तनले महत्व पाएको छ भन्ने हो । जुन मूलतः गुणस्तरीय शिक्षाकै उपज हो । यसकारण कि, नवप्रवर्तनीय (इनोवेटिभ वेस्ड) कम्पनीहरुले औसत ९८ प्रतिशत मानवपुँजी उपयोग गर्दै गर्दा कमोडिटी बेस्ड कम्पनीहरुले ३५ प्रतिशत मात्र मानवपुँजी प्रयोग गर्ने गरेका छन् । मानवपुँजीको उत्पादकत्व अन्य उत्पादनका साधनभन्दा अत्यधिक हुन्छ भन्ने सबुत हो, यो । यसको अर्थ अब्बल जनशक्ति उत्पादनका लागि गुणस्तरीय शैक्षिक संस्था आवश्यक पर्छ भनेर बुझ्नुपर्छ ।

जहाँसम्म हाम्रो शैक्षिक गुणस्तरको सवाल छ, पाठ्यक्रमलाई चाखलाग्दो बनाउन सकिएको छैन, बरु अध्ययनको नाममा विद्यार्थीले मानसिक तनाव बेहोर्नुपर्ने बनाइएको छ । हाम्रो शैक्षिक प्रणालीले विद्यार्थीलाई ज्ञान मात्र बाँड्ने गरेको छ, जीवनोपयोगी सीप सिकाउन सकेको छैन । प्राथमिक तहको शिक्षा मूलतः प्रवृत्ति विकासमा मुखरित हुनुपर्छ । तर, प्राथमिक तहमा अनुशासन, आचरण, नैतिकता र सुझबुझ केन्द्रित पठनपाठनमा ध्यान पुग्न सकेको छैन । किताबी ज्ञानमा जोड दिइएको मात्र छैन, बल्कि बालबालिकाले बोक्न नसक्ने पुस्तक र नानाथरीका विषयवस्तु लाद्ने गरिएको छ । शैक्षिक सत्र प्रारम्भ भइसक्दा पनि पुस्तक प्राप्त गर्न नसकेका कैयन् नजिर छन् ।

निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षा मूलतः समष्टिगत क्षमता विकासमा मुखरित हुनुपर्छ । तर, निम्न माध्यमिक तथा माध्यमिक तहमा अध्ययन गर्नुपर्ने विषयवस्तुको वास्तविक प्रयोग तथा उपयोगिता ध्यान पुग्न सकेको छैन । प्रयोगात्मक शिक्षाको नाममा कम्प्युटर साइन्समा टाइपशाला, माइक्रोसफ्ट वर्ड वा एक्सेलमै सीमित गर्ने कार्य भएको छ । अन्य प्रयोगात्मक भनिएका विषयहरुको सिकाइ पनि योभन्दा फरक छैन । विषयगत ज्ञान भएका शिक्षक तथा प्रयोगशालाको अभाव छ । विगतका पाठ्यक्रममा समाविष्ट संस्कृत शिक्षा, नैतिक शिक्षा, शारीरिक शिक्षा, भूगोल, इतिहासजस्ता विषयहरूलाई तिलाञ्जली दिँदा विद्यार्थीभित्र विकास हुनुपर्ने अनुशासन, चरित्र, नैतिकता नाजुक बनेको छ । मुलुकको साहित्य, कला, संस्कृति, सामाजिक संरचना, रहनसहन, पितापुर्खाको विरासत, प्राकृतिक स्रोतसाधन र भौगोलिक बनावटका बारेमा विद्यार्थी अनभिज्ञजस्तै भएका छन् ।

उच्च माध्यमिक तहको शिक्षा मूलतः निश्चित विधा वा क्षेत्रका लागि आधार शिला निर्माणमा केन्द्रीकृत हुनुपर्छ । तर, उच्च माध्यमिक तहमा व्यावहारिक प्रयोगभन्दा घोक्न र लेख्न मात्र सिकाइएको छ । अर्थात् मार्कसिटमा प्राप्त अंकलाई मात्र सफलताको मानक ठान्ने गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा विद्यार्थीलाई नोट, गाइड, ट्युसन र कोचिङमुखी बनाइएको छ । अध्यापन विधि अन्तर्क्रियात्मकभन्दा एकपक्षीय बनाइएको छ । व्यावहारिक ज्ञान वा सिर्जनात्मक सोचाइ (क्रिटिकल थिंकिङ) को विकासतर्फ ध्यान पुर्याउन सकिएको छैन ।

विश्वविद्यालय तहको शिक्षा मूलतः शोध-क्षमता र विशिष्टीकरण केन्द्रित हुनुपर्छ । तर, शोध-अनुसन्धान र विज्ञता विकासमा विश्वविद्यालयहरु चुकेका छन् । शैक्षिक संकायहरु असान्दर्भिक छन् । त्रिविलाई विशाल, केन्द्रीकृत र भद्दा बनाइएको मात्र छैन; यसको शैक्षिक प्रशासन नाजुक छ । प्राज्ञलाई शैक्षिक स्वायत्तता प्रदान गरिएको छैन । राम्रा भनिएका चिकित्सा, इन्जिनियरिङ वा चार्टर्ड एकाउन्टेन्सीजस्ता विषयहरु तीक्ष्णताभन्दा खर्च गर्ने सक्ने आर्थिक हैसियतका आधारमा प्राप्त गर्न सक्ने शैक्षिक पद्धति विकास गरिएको छ । परीक्षा लिएको १२-१५ महिनासम्म पनि नतिजा प्रकाशन गर्नु दुर्लभजस्तै छ । शैक्षिक गुणस्तर सुधारार्थ उच्च शिक्षा आयोगको स्थापना गरिएको भए तापनि नतिजा प्राप्त गर्न सकिएको छैन । प्राज्ञको नियुक्ति गर्दा कार्य सम्पादन गराउनु आवश्यक नै ठानिएको छैन, तर प्रतिफलको अपेक्षा गरिएको छ ।

शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन शैक्षिक विधिमा रहेका कमी-कमजोरीहरु संशोधन वा परिमार्जन आवश्यक पर्छ । यस्ता संशोधन वस्तुनिष्ठ र उद्देश्यमुखी हुनुपर्छ । तर, हाम्रो शैक्षिक क्षेत्रमा पद्धतीय सुधारको नाममा एसएलसीलाई-एसइई, प्रवीणता प्रमाणपत्रलाई- १२ कक्षा, अंक वा प्रतिशत (डिभिजन) लाई-श्रेणी (ग्रेडिङ), वार्षिक पद्धति (एनुएल)लाई-६ महिने (समेस्टर), दुईवर्षे स्नातकलाई-चारवर्षे बनाइएको छ । पाठ्यक्रम परिमार्जनको नाममा उही शीर्षकलाई तलमाथि पार्ने वा एउटा कक्षा वा सेमेस्टरमा अध्ययन गर्नुपर्ने विषयवस्तुलाई अर्को कक्षा वा सेमेस्टरमा समावेश गर्ने कार्य भएको छ । गुणस्तर सुधारका लागि अतिथि प्राध्यापक

....बाँकी पृष्ठ ३ मा

# बकैया काठमाडौं जोड्ने सडक निर्माण हुँदै

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिका-४ र ११ जोड्ने सडक स्तरोन्नति कार्य भइरहेको छ । हेटौंडा-धरान सडकखण्ड र कान्ति लोकपथलाई जोड्ने गरी गाउँपालिकाले निर्माण गरेको उक्त सडकखण्डको स्तरोन्नतिको काम बागमती प्रदेश सरकार र गाउँपालिकाको बजेटमा भइरहेको हो ।

हेटौंडा-धरान (चतरा) सडकखण्डअन्तर्गत् बकैया-४, जुरेलीबाट ठूलोथली हुँदै पिपलडाँडा-देउरालीबाट बकैया-११ स्थित सिमात घुम्तीस्थित कान्ति लोकपथ सडकखण्डमा जोडिएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को बागमती प्रदेश सरकारको एक करोड समपूरक अनुदान र गाउँपालिकाको एक करोड रुपियाँ गरी दुई करोड रुपियाँ बजेटमा सडक स्तरोन्नतिको काम सुरु भएको हो । उक्त सडक स्तरोन्नतिका लागि बोलपत्र आह्वान गरी ठेक्का लगाउँदा निर्माण कम्पनीले एक करोड ११ लाख रुपियाँको लागतमा स्तरोन्नतिको कार्य गर्ने गरी ठेक्का सम्झौता गरेको हो ।

सडकखण्डको जुरेली-ठूलोथली हुँदै कल्लेखोलासम्म स्ल्याब ढलान, कजवे, ह्युमपाइप सडक स्तरोन्नतिलगायतका कार्य हुनेछ । यस्तै, बकैया-११ स्थित सिमात घुम्ती-देउराली पिपलडाँडा हुँदै बकैया गाउँपालिका-४ को थलीबाट सोही वडाकै गोठखोलामा जोड्ने विकल्पसमेत रहेको छ । गोठखोला वा जुरेलीबाट ठूलोथली हुँदै कान्ति लोकपथ जोडिने गरी यसअघि नै गाउँपालिकाले ट्र्याक निर्माण गरेको हो । गोठखोलाबाट भन्दा जुरेलीबाट कान्ति लोकपथ जोडिने सडक केही छोटो रहेको बकैया गाउँपालिका-११ का वडाध्यक्ष गोपालबहादुर न्यासुरले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालय चितवनमार्फत् योजना कार्यान्वयन गर्ने गरी बकैया-११ को सिमात घुम्ती हुँदै देउराली जोड्ने सडक स्तरोन्नति गर्न १५ लाख रुपियाँ प्रदेश सरकारले बजेट विनियोजन गरेको छ ।

उक्त बजेटबाट सिमात घुम्ती हुँदै देउराली सडकखण्डमा स्ल्याब ढलान, कजवे, ग्याबिन वाल निर्माणलगायत सड़क स्तरोन्नति गरिनेछ । यस्तै, हटौंडा-धरान-चतरा सडकखण्डअन्तर्गतको जुरेलीदेखि कान्ति लोकपथ सडकखण्डअन्तर्गत् सिमात घुम्तीसम्म बाह्रै महिना सडक सञ्चालन हुने गरी पूर्वी क्षेत्रमा यातायात आवागमन सहज बनाउन बकैया देउराली जोड्ने गरी कल्लेखोलामा पक्की पुल निर्माण गरिने भएको छ ।

प्रदेश सरकारने पुल निर्माण प्रक्रिया सुरु गर्न चालु आर्थिक वर्षमा एक करोड रुपियाँ विनियोजन गरेको छ । उक्त पिपलडाँडा र देउराली जोड्ने पुलको विस्तृत परियोजना प्रस्ताव गाउँपालिकाले तयार गरी चालु आर्थिक वर्षबाट पुल निर्माण सुरु गर्ने योजना रहेको वडाध्यक्ष लामाले बताउनुभयो । कल्लेखोलामा पुल निर्माण भई सडकखण्ड स्तरोन्नतिपछि बाह्रै महिना सड़क सञ्चालनसँगै मकवानपुरको पूर्वी क्षेत्र र संघीय राजधानीबिचको दुरी घट्नेछ ।

कल्लेखोलामा पुल नबन्दा मकवानपुरको बकैया र बागमती गाउँपालिकाका बासिन्दा सडक अवरुद्ध भई हेटौंडा उपमहानगपालिका-६ स्थित चुच्चेखोलानजिक कान्ति लोकपथ भएर वा हेटौंडा बजार आएर भैंसे-भीमफेदी-कुलेखानी हुँदै लामो दुरी तय गरेर काठमाडौं जानुपर्ने बाध्यता रहेको छ । मकवानपुरको पूर्वी क्षेत्रका बासिन्दालाई अहिले हेटौंडा आएर कान्ति लोकपथ हुँदै वा कान्ति लोकपथ पनि अवरुद्ध हुँदा हेटौंडा आएर भैंसे-भीमफेदी-कुलेखानी हुँदै लामो दूरी तय गरेर काठमाडौं जानुपर्ने बाध्यता छ । उक्त सडकखण्डको स्तरोन्नतिपछि मकवानपुरको पूर्वी क्षेत्रसँग सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रका बासिन्दासमेत लाभान्वित हुनेछन् ।

# सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी पत्रकारहरुसँग अन्तरक्रिया भएको छ । शुक्रबार हेटौंडा उपमहानगर पालिकाको आयोजनामा पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम भएको हो ।

नेपाल सरकार र स्वीस सरकारबीच सम्पन्न द्विपक्षीय सम्झौताअन्तर्गत् हेल्भेटास-स्वीस इन्टरकोअपरेसन्सको प्राविधिक सहयोगमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा वैदेशिक रोजगारका लागि तेश्रो चरणको सुरक्षित आप्रवासन 'सामी' परियोजना कार्यान्वयनमा रहेको छ । यसैअन्तर्गत् रहेर मकवानपुरमा जिल्ला प्रशासन कार्यालय र जिल्लाका केही स्थानीय तहहरुले कार्य गर्दै आएको छ । सामी कार्यक्रमका संयोजक अजिता थापाले प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा थापाले हेटौंडाका मानिसहरु पछिल्लो समय वैदेशिक यात्रामा जाने क्रम रहेको र रसिया, क्रोसिया, पोर्चुगल आदि देशमा जानेहरु ठगीका घटना बढेको जानकारी गराउनुभयो । उहाँले सामी कार्यक्रमले सूचनामा पहुँच, न्यायमा पहुँच, सीप विकास तालिम, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता क्षेत्रमा कार्य गर्दै आएको बताउनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका मनोसामाजिक परामर्श प्रतिक्षा भट्टराईले व्यक्तिगत, सामूहिक, फोनकलबाट परामर्श सेवा दिँदै आएको जानकारी गराउनुभयो । मनोपरामर्श सेवाबाट धेरै मानिसलाई बचाउन सफल भएको उहाँको भनाइ छ ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका सामी कार्यक्रमका काउन्सिलर पार्वती सेन्चुरीले बैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासनसम्बन्धी सूचना दिने र सूचनाको पहुँच अभिवृद्धि गर्न आप्रवासी श्रोतकेन्द्रको रुपमा स्थापना भएको सामीले वैदेशिक रोजगारीमा संलग्न नेपाली कामदार र तिनका परिवार लाभान्वित, राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मुलुकमा मर्यादित कार्य वातावरणबाट लाभान्वित गराउने लक्ष्यका साथ काम गर्दै आएको बताउनुभयो । उहाँले वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका तथा ठगिएका व्यक्तिहरुको न्यायमा पहुँच बढाउने कार्य परियोजनाले गर्दै आएको जानकारी दिनुभयो ।

सामी परियोजनाले उजुरी र गुनासो सुनुवाई र कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्ने, वैदेशिक रोजगारीमा जान चाहनेहरुलाई व्यावसायिक सीपमूलक तालिम दिलाउने, वैदेशिक रोजगारीले ल्याएको सामाजिक लागत कम गर्दै लैजाने क्रममा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, आप्रवासी कामदार सञ्जालको गठन तथा कार्यक्षमता अभिवृद्धि गर्ने, सम्बद्ध सरकारी निकायहरु, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधीकरणको कार्यक्षमतामा थप अभिवृद्धिका लागि सहयोग पुऱ्याउने बताउनुभयो । कार्यक्रममा सामी हेल्भेटास कार्यक्रम अधिकृत उमा पौडेलको पनि उपस्थिति रहेको थियो ।

## जीवनउपयोगी...

(गेस्ट लेक्चर), स्थलगत अवलोकन (फिल्ड भिजिट), कार्यभार सोपन (असाइनमेन्ट) र शोध-अनुसन्धान थोरबहुत हुने गरे तापनि आशातीत नतिजा प्राप्त हुन सकेको छैन ।

अन्य क्षेत्रमा असफल भएका व्यक्ति शिक्षण पेसामा आउने संस्कार निर्माण गरिएको छ । शिक्षकले आर्जित ज्ञानलाई व्यवहारमा उतार्ने गरेको विरलै पाइन्छ । जसले जीवनमा कुनै व्यापार-व्यवसाय नै गरेको छैन उसले बीबीए वा एमबीएजस्ता संकाय हाँक्ने गरेका छन् । शिक्षकलाई अध्ययनशील, प्रविधिमैत्री र शोधक बनाउन सकिएको छैन । आवश्यकताअनुसार शिक्षकको चयन, क्षमताअनुसार नियुक्ति तथा बर्खास्ती, कार्य-सम्पादनमा आधारित पारिश्रमिक पद्धति अवलम्बन गर्न उदासीन बनेको छ । शिक्षकले समयमा पारिश्रमिक प्राप्त गर्न नसक्दा त्यसको नकारात्मक प्रभाव स्वाभाविक रुपमै अध्यापनमा पर्ने गरेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि यथेष्ट तालिम, सिकाइ वा प्रशिक्षणको व्यवस्था गर्न सकिएको छैन ।

गुणस्तरहीन शिक्षाले निराशा, कुण्ठा, बेरोजगारी र विसंगति मात्र निम्त्याउने हुँदा शैक्षिक संस्थाबाट प्रदान गरिने शिक्षा गुणस्तरीय, जीवनोपयोगी, व्यावहारिक र वैज्ञानिक हुनुपर्छ । तर, हाम्रो शैक्षिक प्रणालीले गुणात्मकभन्दा मात्रात्मक जनशक्ति उत्पादनमा जोड दिएको छ, जुन दोषपूर्ण छ । यसर्थ, गुणात्मक शैक्षिक जनशक्ति उत्पादन गर्न प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षाबीच तारतम्य मिलाउनुपर्छ । शैक्षिक गुणस्तर सुधारका लागि सरकारी, सामुदायिक तथा निजी तहमा सञ्चालित प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक र विश्वविद्यालयहरुमा निहित प्रयोगशाला, पाठ्यसामग्री, भौतिक पूर्वाधार, अध्यापकीय क्षमता, अनुगमन तथा निरीक्षण पद्धतिलाई अब्बल तुल्याउनुपर्छ ।

गुणस्तर सुधार लक्ष्य र समय-सीमा अनुबन्धित हुनुपर्छ । पाँच, दस वा बीस वर्षमा मुलुकको शैक्षिक हैसियतलाई के-कस्तो गुणस्तरसहित कुन उचाइमा पुऱ्याउने, लक्ष्य र समय-सीमा निर्धारण गरी, लक्ष्य प्राप्तार्थ आवश्यक स्रोतसाधन सुनिश्चित गर्नुपर्छ । लक्ष्य प्राप्तिको योजना एवं कार्यक्रम तर्जुमा गरी स्रोतसाधनको उच्चतम उपयोग हुने गरी कार्यान्वयन गर्न चुक्नु हुँदैन । उच्च शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउन अत्याधुनिक प्रयोगशालासहित प्राविधिक शिक्षामा जोड दिनुपर्छ । यसका निमित्त शोध-अनुसन्धान, समस्या समाधान, आलोचनात्मक सोचाइ, सूचना प्रविधिको प्रयोग र विद्युतीय पुस्तकालयजस्ता शैक्षिक आयामहरु मजबुत बनाउनुपर्छ ।

गुणस्तर सुधारका लागि समयसारिणीको अहम् भूमिका हुने हुँदा के, कहिले प्रवेश परीक्षा लिने ? के-कति समयमा नयाँ भर्ना लिने ? के-कति समयमा जाँच लिने ? के-कति महिना अध्ययन गराउने ? जाँचपश्चात् के-कति समय फाजिल रहने ? प्रस्ट किटानीका साथ शैक्षिक क्यालेन्डर निर्माण गरी लागू गर्नुपर्छ । शैक्षिक क्यालेन्डर कार्यान्वयन नगर्ने पदाधिकारीलाई दण्डित गर्न नियामक निकाय चुक्नु हुँदैन । शैक्षिक संस्थाका शैक्षिक गतिविधिहरु आगामी पाँच, दस वा पन्ध्र वर्षमा के-कसरी अगाडि बढ्ने भन्ने कुरा क्यालेन्डरले बोलेको हुनुपर्छ ।

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय अध्यापक स्वाभाविक रुपले आवश्यक पर्छ । जसरी पौराणिक कालमा अर्जुनले द्रोणाचार्य र चन्द्रगुप्त मौर्यले चाणक्यजस्ता असल गुरु प्राप्त गरेका कारण आ-आफ्नो क्षेत्रमा निपुणता प्राप्त गरेका थिए, त्यसैगरी असल विद्यार्थी उत्पादन गर्न असल शिक्षक वा गुरु आवश्यक पर्छ भन्ने कुरा भुल्नु हुँदैन ।

क्षमतावान्, गुणवान्, विनयी, अध्ययनशील अध्यापकबिना असल चेला जन्मन सक्दैन । अर्थात् गुणवान् चेला उत्पादन गर्न गुणवान् गुरु आवश्यक पर्छ । शिक्षकले एउटा विद्यार्थीको मात्र नभई समाज र मुलुकको भविष्य निर्धारण गर्ने हुँदा क्षमतावान् व्यक्ति मात्र शिक्षण पेसामा प्रवेश गर्ने वातावरण निर्माण गर्नुपर्छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम, सिकाइ, प्रशिक्षण, अनुसन्धान, आकर्षक सेवासुविधा उपलब्ध गराउँदै निजलाई अध्ययनशील, शोधक, नैतिकवान् तथा अद्यावधिक बनाउने वातावरण सिर्जना गर्नुपर्छ ।

अध्यापकलाई अध्ययनशील एवं अद्यावधिक तुल्याउन नियुक्ति तथा निष्कासन स्वतन्त्रता (हायर एन्ड फायर) र कार्य सम्पादनमा आधारित पारिश्रमिक (पर्फमेन्स वेस्ड पेइङ) विधि कार्यान्वयमा ल्याउन हिचकिचाउनु हुँदैन । अध्यापन पेसाको सामाजिक प्रतिष्ठा खस्किरहेकाले उठानका उपायहरू पहिल्याई कार्यान्वयन गर्नुपर्छ । अर्थात् आकर्षक सेवा-सुविधाको प्रबन्ध गरी निजामती वा सोसरह आकर्षक तुल्याउनुपर्छ । *(स्रोतः कारोबारदैनिक)*

**भारतमा लोकसभा निर्वाचन**

# १९ अप्रिलबाट मतदान सुरु

काठमाडौंः भारतको केन्द्रीय निर्वाचन आयोगले १८ औं लोकसभा चुनावको मिति घोषणा गरेको छ । आयोगले शनिबार गरेको घोषणा अनुसार २० मार्चबाट निर्वाचन प्रक्रिया सुरु हुनेछ । सात चरणमा सम्पन्न हुने चुनावको पहिलो चरणको मतदान १९ अप्रिलमा सुरु हुनेछ र यो क्रम १ जुनसम्म चल्नेछ । त्यसपछि ४ जुनमा मतगणना हुनेछ । आयोगका अनुसार आम निर्वाचनसँगै तीन चरणमा विधानसभाका २६ सिटमा उपचुनाव पनि हुनेछ ।

निर्वाचनमा ५५ लाख इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम) प्रयोग गरिने भएको छ । भारतको १७ औं लोकसभाको कार्यकाल आगामी १६ जुन २०२४ मा पूरा हुँदैछ । पहिलो चरणमा २१ वटा राज्यका १०२ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २० मार्चमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने १९ अप्रिलमा मतदान हुनेछ । त्यस दिन अरुणाञ्चल, असम, बिहार, छत्तीसगढ, मध्यप्रदेश, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, राजस्थान, सिक्किम, तमिलनाडु, त्रिपुरा, उत्तर प्रदेश, उत्तरखण्ड, पश्चिम बंगाल, अन्डमान निकोबार, जम्मू कश्मीर, लक्ष्यद्वीप र पोन्डीचेरीमा मतदान हुनेछ ।

दोस्रो चरणमा १३ राज्यका ८९ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २८ मार्चमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने २६ अप्रिलमा मतदान हुनेछ । त्यस दिन आसाम, बिहार, छत्तीसगढ, कर्नाटक, केरला, मध्यप्रदेश, महाराष्ट्र, मणिपुर, राजस्थान, त्रिपुरा, उत्तर प्रदेश, पश्चिम बंगाल र जम्मू कश्मीरमा मतदान हुनेछ ।

तेस्रो चरणमा १२ राज्यका ९४ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि १२ अप्रिलमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने ७ मेमा मतदान हुनेछ । त्यस दिन आसाम, बिहार, छत्तीसगठ, गोवा, गुजरात, कर्नाटक, मध्यप्रदेश, महाराष्ट्र, उत्तर प्रदेश, पश्चिम बंगाल, दादर नागर हवेली र दमन दीपमा मतदान हुनेछ ।

चौथो चरणमा १० राज्यका ९६ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि ८ अप्रिलमा राजपत्रमा सूचना जारी हुनेछ भने १३ मेमा मतदान हुनेछ । त्यस दिन आन्ध्र प्रदेश, बिहार, झारखण्ड, मध्यप्रदेश, महाराष्ट्र, ओडिशा, तेलंगना, उत्तर प्रदेश, पश्चिम बंगाल र जम्मू कश्मीरमा मतदान हुनेछ । पाँचौ चरणमा ८ राज्यका ४९ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २६ अप्रिलमा राजपत्रमा सूचना जारी हुनेछ भने २० मेमा मतदान हुनेछ । त्यस दिन छत्तीसगढ, झारखण्ड, महाराष्ट्र, ओडिसा, उत्तर प्रदेश, पश्चिम बंगाल, जम्मू कश्मीर र लद्दाखमा मतदान हुनेछ । छैटौ चरणमा ७ राज्यका ५७ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि २९ अप्रिलमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने २५ मेमा मतदान हुनेछ । त्यस दिन बिहार, हरियाणा, झारखण्ड, ओडिसा, उत्तर प्रदेश, पश्चिम बंगाल र दिल्लीमा मतदान हुनेछ । र अन्तिममा सातौं चरणमा ८ राज्यका ५७ सिटका लागि चुनाव हुनेछ । त्यसका लागि ७ मेमा राजपत्रमा सूचना प्रकाशित हुनेछ भने १ जुनमा मतदान हुनेछ । जसअन्तर्गत बिहार, हिमाचल प्रदेश, झारखण्ड, ओडिसा, पञ्चाब, उत्तर प्रदेश, पश्चिम बंगाल र चण्डीगढमा मतदान हुनेछ ।

*स्रोतः अनलाइनखबर ।*

# झण्डै सवा करोडको अवैध सामान नियन्त्रण

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले झण्डै सवा करोड रुपैयाँको अवैध सामान बरामद गरेको छ । कार्यालयले १ करोड १८ लाख रुपैयाँ बराबरको अबैध सामान नियन्त्रणमा लिएको हो । बिहीबार जिल्ला प्रहरी कार्यालय मातहत इकाई कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सामानसहित ट्रक नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ ।

इलाका प्रहरी कार्यालय जीतपुरले बिहान २ बजेको समयमा जीतपुर सिमरा उपमहानगर पालिका वडा नम्बर ७ जीतपुरस्थित वीरगञ्जबाट बाँकेतर्फ जाँदै गरेको ना ६ ख ६५१३ नम्बरको ट्रकमा लोड गरेको कस्मेटिक सामान, रेडिमेन्ट कपडा, औषधि, टायर, बटरकप, पपकन र अन्य किराना आइटम गरी एक करोड १७ लाख ५३ हजार ७ सय ४० रुपैया बराबरको बिलभन्दा बढि स्रोत खुलाउन नसकेको अवस्थामा फेला परेको हो । यस्तै, इलाका प्रहरी कार्यालय पथलैयाले बुधबार राति १० बजेर ५० मिनेटको समयमा जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १, पथलैयास्थित रौतहटबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ख ११३४ नम्बरको यात्रुबाहक बसमा लोड गरेको बिडी १२४ प्याकेट, खजुर ३३ प्याकेट र आलमुनियमको रड गरी ५२ हजार ४ सय बराबरको बिल भरपाई नरहेको पाइएको प्रहरीले जनाएको छ । ट्रकलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको छ ।

# उपभोक्ता अदालत गठन गर्न माग

समाज संवाददाता

हेटौंडाः उपभोक्ता अदालत गठन गर्न माग गर्दै उपभोक्ता मञ्च नेपाल बागमती प्रदेश कमिटीले ज्ञापनपत्र बुझाएको छ । शुक्रबार अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवसको अवसरमा केन्द्रीय निर्देशनअनुसार प्रदेश कमिटीले मुख्यमन्त्री कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको हो ।

उपभोक्ता मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष तथा बागमती प्रदेश कमिटी संयोजक कुमार पौडेलको नेतृत्वमा केन्द्रीय सचिव कृष्ण अर्याल, उपभोक्ता मञ्च नेपाल मकवानपुर अध्यक्ष सुनिल अधिकारीले उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिमको उपभोक्ता अदालत गठन प्रक्रिया सुरु गर्नुपर्ने माग राख्दै बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव घनश्याम उपाध्यायलाई ज्ञापनपत्र बुझाइएको हो ।

उपभोक्ता मञ्च नेपाल २०४३ सालमा गठन भई २०४७ सालमा विधिवत दर्ता भएर क्रियाशील एक गैरसरकारी सेवामूलक सामाजिक संस्था हो । यस संस्थाले उपभोक्ताको हकहित तथा अधिकारका सवालहरुमा सदैव अग्रणी भूमिका निर्वाह गर्दै उपभोक्ताहरुलाई जागरुक बनाउन अहोरात्र क्रियाशील रहेको छ । उपभोक्ता मञ्च नेपाल हाल ७ प्रदेश र ६८ जिल्ला तथा केही स्थानीय तहहरुमा समेत क्रियाशील रहेको छ ।

उपभोक्तावादी संघसंस्थाहरुको निरन्तर पहल र नेपाल सरकारको न्यायोचित निर्णयबाट उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा उपभोक्ता अदालत गठन गर्ने व्यवस्था गरिएको तर गठन नभएको ज्ञापनपत्रमा भनिएको छ । ऐनमा उपभोक्ता अदालत गठन गर्ने व्यवस्था भएको ५ वर्ष बितिसक्दा पनि ऐनबमोजिम उपभोक्ता अदालत गठन प्रक्रिया सुरु हुन नसकेकाले प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएको बताइएको छ । आम उपभोक्ता वर्गको हित र अधिकारको सुनिश्चितताका लागि ऐनअनुसार उपभोक्ता अदालत गठन प्रक्रिया तत्काल सुरु गराउन प्रधानमन्त्रीसमक्ष संघले माग गरेको छ ।

# अनुगमन गर्ने निकाय भयो तर कार्यान्वयन भएन

समाज संवाददाता

हेटौंडाः विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा अन्तरक्रिया भएको छ । शुक्रबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा उपभोक्ता अधिकार दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम भएको हो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको अध्यक्षतामा अन्तर क्रिया कार्यक्रम भएको हो । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईले उपभोक्ता अधिकारको बारेमा तयार पारेको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यस वर्षको दिवसको नारा 'दिगो विकासका लागि स्वच्छ बजार र उपभोक्ता हित संरक्षण' रहेको छ ।

कार्यक्रममा चापागाईले उपभोक्ताहरुको सुरक्षाको अधिकार, सूचित हुने अधिकार, छनौटको अधिकार, सुनुवाइको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, क्षतिपूर्तिको अधिकार हुने जानकारी गराउनुभयो । कार्यक्रममा सहभागीहरुले उपभोक्ता अधिकारबमोजिम जिल्ला प्रशासनले अनुगमन गर्ने गरेको तर कार्यान्वयन नभएको बताएका छन् । उपभोक्तालाई मध्यनजर गर्दै चाडवाडको समयमा सम्बन्धित निकायहरुले अनुगमन गर्ने गरेको तर कारबाही गर्न नसकेको भन्दै सहभागीहरुले आपत्ति जनाएका थिए ।

व्यापारी व्यवसायीहरुले एक वस्तुको अनुमति लिने तर हरेक वस्तुको व्यापार गर्ने गरेको बताउँदै सम्बन्धित निकायले अनुगमनमा ध्यान दिन जरुरी रहेको सहभागीहरुले बताएका थिए । कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका उपाध्यक्ष बासु खतिवडा, कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल ठकुरी, मनहरी गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी, जिल्ला प्रहरी कार्यालय मकवानपुका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल, सरोकारवाला निकायलगायतको उपस्थिति रहेको थियो ।

## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८०/१२/०४ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास विकास हेटौंडाको चलानी नम्बर ६५०९, मिति २०८० फागुन ३० गते प्राप्त शिक्षक पदपूर्ति अनुमतिपत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८० चैत ३० गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको तपसील बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं. १/०८०/०८१**
२) तहः मावि (प्रदेश अनुदान)
३) आवश्यक संख्याः १ (एक)
४) विषयः अंग्रेजी १ (एक) जना,
३) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
४) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नात्तक वा सो सरहको परीक्षा उत्तिर्ण गरी मावि तहको अध्यापन अनुमतीपत्र प्राप्त ।
५) परीक्षाको किसिमः लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन ।
६) सेवा सुविधाः बागमती प्रदेश सरकारको नियमानुसार ।
७) दरखास्त दस्तुर रु २०००/-
८) दरखास्त दिने अन्तिम मिति २०८०/१२/१८ गते विद्यालय समयसम्म ।
९) सम्पर्क मिति २०८०/१२/१९ गते
१०) परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
११) आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति हस्तलिखित निवेदन ।

सम्पर्क नं. ९८५५०-७०५०६ (प्रधानाध्यापक), ९८११२८६१११ (वि.व्य.स. अध्यक्ष)

**प्रधानाध्यापक**
**श्री भृकुटी माध्यमिक विद्यालय**
**हेटौंडा-१४, उत्तरपानी**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

### तेस्रो रिभरसाइड क्रिकेट प्रतियोगिता

# निब्टा क्लबले जित्यो उपाधि




समाज संवाददाता

हेटौंडाः रेड स्वाइल क्रिकेट क्लबको आयोजनामा भएको तेस्रो संस्करणको ६ ए साइड रिभर साइड क्रिकेट प्रतियोगिताको उपाधि साविक उपविजेता निब्टा क्लबले जितेको छ । शनिबार मकवानपुरको भीमफेदी गाउँपालिका-१ स्थित सामरीमा भएको फाइनल खेलमा साविक विजेता हेटौंडा एकेडेमीलाई ४ विकेटले हराउँदै निब्टा क्लबले उपाधि जितेको हो ।

प्रतियोगिताको उपाधि विजेता निब्टा क्लबले ३० हजार रुपैयाँ र उपविजेता हेटौंडा एकेडेमीले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी शुभ डेरीबाट शुभ कंसाकार, उत्कृष्ट ब्याट्सम्यान निब्टा क्लबबाट रवीन गुरुङ र उत्कृष्ट बलर शुभ डेरीबाट राहुल केसरी घोषित भएका छन् । विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।

टस हारेर ब्याटिङको निम्तो पाएको हेटौंडा एकेडेमीले निर्धारित ५ ओभरमा १ विकेट गुमाएर ५३ रन जोडेको थियो । एकेडेमीबाट नितेश बज्राचार्यले २३ रन, रामनरेश गिरीले १७ रन र रमेश लुईंटेलले ८ रन बनाएका थिए । बलिङतर्फ निब्टाबाट युविन बुढाथोकीले १ विकेट लिएका थिए । जवाफी ब्याटिङमा उत्रिएको निब्टा क्लबले ५ ओभरमा १ विकेट गुमाएर एकेडेमीले दिएको ५४ रनको लक्ष्य भेट्टायो । निब्टाबाट रवीन गुरुङले सर्वाधिक ३४ रन बनाएका थिए । युविन बुढाथोकीले १० रन र विपुल खनालले ३ रन बनाएका थिए । प्रतियोगितामा ६ वटा टिमहरुको सहभागिता रहेको थियो ।

प्राकृतिक वातावरणसँग रमाउन, प्राकृतिक वातावरणमा समावेश हुन र बाहिरी माहोलमा घुलमिल गराउन वनभोज कार्यक्रमसहित प्रतियोगिताको आयोजना गरेको आयोजकले जानकारी दिएको छ । भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन भएको हो ।

# कैलाशमा उपाध्यक्ष कप भलिबल हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा दोस्रो संस्करणको गाउँपालिकास्तरीय उपाध्यक्ष भलिबल कप प्रतियोगिता हुने भएको छ । आगामी चैत १५ गतेदेखि प्रतियोगिता हुने पालिकाका खेलकुद विकास समितिका संयोजक मोहन वाईबाले जानकारी दिनुभयो ।

कैलाश-३ स्थित कालिकाटारमा हुने प्रतियोगितामा पालिकाभित्रका १२ वटा वडाका टिम सहभागी हुने संयोजक वाईबाले बताउनुभयो । प्रतियोगितामा सहभागिताका लागि चैत १० गतेसम्म टिम दर्ता गर्न पालिकाभित्रका सबै वडालाई सूचना पठाएको उहाँले बताउनुभयो ।

प्रतियोगिताको फाइनल खेलमा चैत १७ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सेमिफाइनलमा पराजित दुई टिमले ५-५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# गजल उत्सव सम्पन्न




समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरको आयोजनामा हेटौंडामा गजल उत्सव कार्यक्रम भएको छ । शनिबार हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा गजल उत्सव कार्यक्रम भएको हो ।

कार्यक्रमको उद्घाटन गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष सिग्देलले सबै मानिसहरुले गजल सुन्नुपर्ने बताउनुभएको छ । उहाँले सबै मानिसहरुमा फरक तरिकाको प्रतिभा हुने बताउनुहुँदै विद्यालय तहमा पनि गजल लेखन सीप विकास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा घलेन्द्र ओझा, बाबु त्रिपाठी र शितल कादम्बिनीले गजलको बारेमा बहस गनुभएको थियो । कार्यक्रममा पुरुषोत्तम आचार्य, रुपक वनबासी, सुबास सजल र सानु खनालले गजल बाचन गनुभएको थियो भने अजर फुयाँलले गायन प्रस्तुत गर्नुभएको थियो ।

# शिविरमा ३३१ जनाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, हेटौंडा-११, थानाभन्ज्याङको आयोजनामा भएको निःशुल्क स्वास्थ्य शिविरमा ३३१ जनाले सेवा लिएका छन् । शनिबार भएको शिविरमा ३३१ जनाको स्वास्थ्य परीक्षण भएको सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

शिविरमा अर्थोपेडिक, बालरोग, फिजिसियन सेवा, जनरल सर्जन, स्त्रीरोग, एनिस्थेसिया सेवा प्रदान गरिएको थियो । शिविरमा मकवानपुर सहकारी अस्पतालका डा. सुन्दर श्रेष्ठ, डा. हरिबहादुर खड्का, डा. कमल दवाडी र डा. राघवेन्द्र ठाकुरले स्वास्थ्य जाँच गर्नुभएको थियो । शिविरमा बालबालिका र जेष्ठ नागरिक रोगबाट बढी प्रभावित भएको पाइएको थियो । शिविरमा बिरामीहरुको स्वास्थ्य परीक्षणसँगै निःशुल्क औषधीसमेत वितरण गरिएको थियो ।

सामुदायिक सेवा केन्द्र थानाभन्ज्याङका अध्यक्ष देवकुमार श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरीक्षक विष्णुकुमार केसीको प्रमुख आतिथ्यमा शिविर सञ्चालन भएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा अध्यक्ष एवम् मकवानपुर सहकारी अस्पतालका अध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ की अध्यक्ष जुना दाहाल, वडा सदस्य विकास नेपाल, सञ्जु बिडारी, गोपिनी सापकोटा, ट्राफिक प्रहरी निरीक्षक वसन्त आचार्यलगायतको आतिथ्य रहेको थियो ।

# मोटरसाइकल दुर्घटना हुँदा एक जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, सिमखोलास्थित हेटौंडा-काठमाडौं सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जना घाइते भएका छन् । घाइते हुनेमा नेपाली सेनामा कार्यरत चितवनको खैरेनी नगरपालिका-१ का २९ वर्षीय यज्ञबहादुर मगर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

शनिबार दिउँसो २ बजेर २५ मिनेटको समयमा उक्त सडकखण्डमा हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको लु ३४ प ३६०४ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित हुँदा चालक मगर घाइते भएका हुन् । मोटरसाइकल सडकबाट १५ मिटर तल खस्दा ढाडमा चोट लागेर घाइते भएका मगरलाई उपचारका लागि काठमाडौंस्थित छाउनी अस्पतालमा लगिएको प्रवक्ता भण्डारीले बताउनुभयो । घाइते मगर दाङको रङसिंह दलमा कार्यरत नेपाली सेना हुनुहुन्छ ।

# प्राध्यापक संघमा घिमिरे सर्वसम्मत



समाज संवाददाता

हेटौंडाः पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईको अध्यक्षमा घनश्याम घिमिरे निर्वाचित हुनुभएको छ । शनिबार सम्पन्न पाँचौं अधिवेशनबाट घिमिरे सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो ।

अधिवेशनबाट उपाध्यक्षमा कृष्ण पौडेल, सचिवमा रविन कोइराला, सहसचिवमा जयराम गौतम, कोषाध्यक्षमा लिना श्रेष्ठ चयन हुनुभएको छ । यस्तै सदस्यमा राजकुमार गौतम, दिनेश विडारी, प्रकाश पहाडी, संरक्षिका थापा, सुशील न्यौपाने र सुमन श्रेष्ठ चयन हुनुभएको छ । नवनिर्वाचित अध्यक्ष घिमिरेले मकवानपुर बहुमुखी क्याम्पस बागमती प्रदेश सरकारमाहतको सार्वजनिक विश्वविद्यालय बन्दै गर्दा प्राध्यापकको तर्फबाट उच्चतम योगदानको सुनिश्चितता र प्राध्यापकको उच्चतम हितका लागि आफ्नो भूमिका रहने बताउनुभएको छ । प्राध्यापकको पेशागत सुरक्षा, क्षमता विकास र क्याम्पसको शैक्षिक क्रियाकलापमा प्राध्यापकको प्रभावकारी भूमिका अभिवृद्धिका लागि पहल हुने घिमिरेले बताउनुभएको छ ।

अधिवेशनको उद्घाटन कार्यक्रम संघका निवर्तमान अध्यक्ष केशवप्रसाद तिमल्सिनाको अध्यक्षता तथा मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेलको प्रमुख आतिथ्यमा भएको थियो । अधिवेशनको उद्घाटन कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष माइकल रामचन्द्र अर्याल, क्याम्पस सञ्चालक समितिका पदाधिकारी, क्याम्पस प्रमुख शंकरप्रसाद उपाध्याय, स्ववियु अध्यक्ष छोइसाङ लामाको पनि आतिथ्य रहेको थियो ।

# युवा संघ हेटौंडा उपमहानगर कमिटीमा काफ्ले

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय युवा संघ नेपाल हेटौंडा उपमहानगरपालिका कमिटीको अध्यक्षमा अनिल काफ्ले चयन हुनुभएको छ । शनिबार हेटौंडा-४ स्थित क्लब हेटौंडामा भएको युवा संघ नगर कमिटी भेलाले काफ्लेको अध्यक्षतामा ४५ सदस्यीय नयाँ कमिटी गठन गरेको हो । कमिटीको उपाध्यक्षमा गोविन्द नेगी, सचिवमा अर्जुनप्रसाद दुलाल, उपसचिवमा सचिन राई र मनिषा राई एवम् कोषाध्यक्ष्यमा विज्ञान नेपाल सर्वसम्मत चयन भएका छन् ।

कार्यक्रमको सभाध्यक्ष राष्ट्रिय युवा संघ हेटौंडा उपमहानगरपालिका कमिटीका निवर्तमान अध्यक्ष एवम् मकवानपुर संयोजक राजेश नगरकोटी रहनुभएको थियो । भेलामा राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय कमिटी उपाध्यक्ष महाराज गुरुङको प्रमुख आतिथ्य थियो । कार्यक्रममा नेकपा एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठ, राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय कमिटी लेखा आयोग संयोजक सन्तोष चौलागाईंको विशिष्ट आतिथ्य रहेको थियो । भेलामा राष्ट्रिय युवा संघ नेपाल केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज लक्ष्मण उप्रेतीलगायतको आतिथ्य रहेको थियो ।

फ्ल्याट भाडामा चाहियो तु सम्पर्क गर्नुहोस् ।

हेटौंडा-५ पुष्पलालपार्क नजिकै सुबिधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक न्यक्तिले तु सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.
९८४५४८८३४४

# जितपुर सिमरा कप क्रिकेटमा मकवानपुर सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः शनिबारदेखि सुरु हुन लागेको प्रथम जितपुर सिमरा कप क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्ला सहभागी हुने भएको छ । जितपुरको सिमरा उपमहानगरपालिकामा शनिबारदेखि सोमबारसम्म हुन लागेको जितपुर सिमरा कप क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्ला पनि सहभागी हुने भएको हो ।

मकवानपुरका खेलाडीहरुको खेल प्रदर्शनी कौशलताको आधारमा छनोट गरेर सोमबारसम्म नाम सार्वजनिक गर्ने क्रिकेट संघका सचिव विनोद बानियाँले जानकारी दिनुभएको छ । प्रतियोगितामा सिनियर लेभलका खेलाडीहरुले सहभागिता जनाउन पाउनेछन् ।

अभियान नेपाल बाराको अयोजना तथा जीतपुर सिमरा उपमहानगरपालिकाको मुख्य सहयोगमा हुन लागेको प्रतियोगितामा मकवानपुरसहित जितपुर सिमरा स्पोर्टस क्लब, पर्सा जिल्ला क्रिकेट संघ, कलैया क्रिकेट कलब, जनकपुर फाउण्डेशन र खुकुरी क्रिकेट क्लब गरी ६ वटा टिमहरुको सहभागिता रहनेछ । प्रतियोगिता सिमरा उपमहानगरपालिकाको सेज क्रिकेट मैदानमा हुनेछ । प्रतियोगिताको खेलतालिका अनुसार मकवानपुरले मंगलबार पहिलो खेलमा जनकपुर फाउण्डेसँगसँगै प्रतिस्पर्धा गर्नुपर्नेछ भने दोस्रो खेलमा बुधबार खुकुरी क्रिकेट क्लब भैरवहासँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

लिगकप नआउटको आधारमा सञ्चालन हुने प्रतियोगिताको समूह चरणको २ वटै खेलमा जित निकाल्ने टिम स्वत फाइनलमा प्रवेश गर्नेछन् । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागततर्फ प्लेयर अफ द टुर्नामेन्ट, उत्कृष्ट व्याटस म्यार र उत्कृष्ट बलरका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर
व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो
भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com




हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ